म्याङलुङ्ग नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ्ग, तेह्रथुम


विज्ञापन नं. ३।२०८१/०८२

## सूचना प्रविधि अधिकृतको सेवा करारमा लिने सम्बन्धीत सूचना

सूचना प्रकाशित मिति : २०८१।०८।२१

प्रस्तुत विषयमा यस म्याङलुङ नगरपालिकाको लागि तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमको विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

| क. स | विज्ञापन नं. | पद | तह | जम्मा माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३।२०८१।०८२ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौं वा सो सरह | १ | |

१. योग्यता : लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCIS, BCA, BEIT, BSE.IT, Bsc.CSIT, BE. Electronics and Communication Engineering वा BTech Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको हुनुपर्नेछ ।

२. आवश्यक कागजात : व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाणपत्र शैक्षिक योग्यताको प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण-पत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण)कार्य अनुभवको प्रमाणपत्रहरु स्वयं उम्मेदवारले दस्तखत गरेर प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. कार्य विवरण (TOR) : प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को शर्त बमोजिम म्याङलुङ नगरपालिकाको वेबसाईट www.myanglungmun.gov.np को गृहपृष्ठमा उल्लेख भएको सूचना तथा कार्यालयको आवश्यकता अनुसार हुनेछ ।

४. परिक्षाको किसिम : संक्षिप्त सूची (Short List)सिप परिक्षण र अन्तरवार्ता

५. दरखास्त दिने अन्तिम मिति २०८१।०९।०५ गते सम्म

६. आवेदन दस्तु रु १०००।०० एक हजार मात्र

७. तलब: नेपाल सरकारले तोकेको अधिकृत स्तर छैठौं तहको सुरु तलब स्केल बराबर हुनेछ ।

८. उमेर : पुरुषको हकमा२१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

९. परिक्षाको मिति : संक्षिप्त सूची प्रकाशित गर्दा जानकारी गराईनेछ ।

१०. सेवा करार अवधि : २०८२ असार मसान्त सम्म ।

११. दरखास्त फारम तथा अन्य थप जानकारीका लागी नगरपालिकाको वेबसाईट www.myanglungmun.gov.np मा हेर्ने वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. स्थानीय व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

म्याङलुङ्ग नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ्ग, तेह्रथुम

विज्ञापन नं. ४।२०८१/०८२

## अनमी पदको सेवा करारमा लिने सम्बन्धीत सूचना

सूचना प्रकाशित मिति : २०८१।०८।२१

यस म्याङलुङ नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा देहाय अनुसार पद रिक्त रहेको हुँदा उल्लेखित पदमा निम्नानुसार १५ दिने सूचना प्रकाशन गरिएको सम्बन्धित सबैमा सूचित गरिन्छ ।

पदको विवरण

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/०८०-८१ | अ.न.मी | १ एक | करार | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः

मान्यता प्राप्त संस्थाबाट अ.न.मी कोर्ष उत्तीर्ण भएको हुनुपर्नेछ।

भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिएको हुनुपर्नेछ ।

नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको हुनुपर्नेछ ।

२. आवश्यक कागजात

- नेपाली नागरिकताको छायाँकपी ।
- न्यूनतम शैक्षिक योग्यताको छायाँकपी ।
- कार्य अनुभव भएको भए सोको छायाँकपी ।
- नेपाल नर्सिङ परिषदको दर्ताको प्रमाणपत्रको छायाँकपी ।

३. उमेरको हदः

दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ वर्ष पूरा भै ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

४ परीक्षाको किसिम

लिखित र अन्तर्वार्ता

५. सेवाको प्रकृतिः करार

६. करार अवधिः २०८२ असार मसान्त सम्मको लागि ।

७. दरखास्त दस्तुरः रु. ५००/- पाँच सय मात्र ।

८. तलब स्केल/सेवा सुविधाः सम्झौता अनुसार

९. स्थानीय व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

परीक्षा मिति स्थान र समय पछि निर्धारण गरिनेछ ।

दरखास्त फारम तथा अन्य थप जानकारीका लागी नगरपालिकाको वेवसाईट www.myanglungmun.gov.np मा हेर्न वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

अनुभवी र स्थानीय व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग, तेह्रथुम

विज्ञापन नं. ५।२०८१/०८२

## मनोसामाजिक परामर्शकर्ता सेवा करारमा लिने सम्बन्धीत सूचना

प्रकाशित मिति: २०८१/०५/ २१ गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत तह्रथुम जिल्ला म्याङलुङ नगरपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्न, मनोसामाजिक परामर्श सेवा गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नम्बर. ...........

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (महिला) | ▪ **मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह,** स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र **पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।**<br>▪ **मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त** गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र **सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।**<br>▪ **दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको**<br>▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।**<br>▪ **कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको,** Word, excel, PowerPoint **मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।**<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।<br>नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ। |

**कार्य अवधि :** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक (कम्प्युटर- मनोसामाजिक परामर्शकर्ताका लागि)

**तलव तथा अन्य सुविधा** : नियमानुसार।

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली **नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि,** कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको **व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको** साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित म्याङलुङ नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

म्याङलुङ्ग नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ्ग, तेह्रथुम

सुचना नं. ५।२०८१/०८२

## करार कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।०८।२१)

यस नगरपालिकाको देहाय बमोजिमका पदमा योग्यता पुगेका उम्मेद्धारहरुको लागि निर्धारित कार्यविधि एवं करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ अनुसार हुने गरी करार नियुक्तिका लागि दरखास्त आब्हान गरिएको सम्बन्धित सबैमा सुचित गरिएको व्यहोरा अनुरोध छ ।

पदको विवरण

| क.स | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | सेवाको प्रकृति | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०८१/८२ | सूचना प्रविधि अधिकृत | छैटौं तह | १ (एक) | करार | २०८१।०९।०५ |
| २ | ०४/२०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | सहायक स्तर पाँचौ | १ (एक) | | २०८१।०९।०५ |
| ३ | ०५/२०८१/८२ | अ.न.मी | सहायक स्तर चौथो | १ (एक) | | २०८१।०९।०५ |

परिक्षाको किसिम :

१. सूचना प्रविधि अधिकृत पदका लागि : स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम,कार्यक्रम कार्यान्वयन ईकाइवाट प्राप्त परिपत्र एवं कार्यविधि तथा यस नगरपालिकाको करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा एवं अन्तर्वार्ता परीक्षा ।

२. मनोसामाजिक परामर्शकर्ता पदको लागि : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन लिखित, अन्तरर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।

३. अ.न.मी पदका लागि :प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा एवं अन्तर्वार्ता परीक्षा ।

दरखास्त दस्तुर :

१. सूचना प्रविधि अधिकृत पदका लागि रु १०००/-

२. मनोपरामर्श दाता पदको लागि रु ५००/-

३. अ.न.मी पदका लागि रु ५००/-

योग्यता,परिक्षा मिति बारे थप जानकारीको लागि सम्पर्क नं. ०२६४६०१३५ मा कार्यालय समयमा सम्पर्क गरि बुझन सकिने छ ।